वीरेन्द्रनगर नगरपालिका

सुर्खेत

# मिति २०७९।०३।१० गतेको एघारी नगरसभाको पहिलो बैठकको गतिविधि र निर्णय

(पहिलो सत्र)

१. वीरेन्द्रनगर नगरपालिकाका प्रमुख श्री मोहनमाया भण्डारीज्युबाट बैठकको सुरुवात भयो ।

२.नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को विभिन्न क्षेत्रगत नीति प्रमुख श्री मोहनमाया भण्डारीज्युले बैठक समक्ष प्रस्तुत गर्नुभयो ।

३. नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को प्रस्तावित बजेट, नीति तथा कार्यक्रम उप प्रमुख एंव बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक श्री निलकण्ठ खनालले बैठक समक्ष प्रस्तुत गर्नुभयो ।

४. उप प्रमुख श्री निलकण्ठ खनालले ज्युले देहायका विधेयकहरु सभा समक्ष टेबुल गर्नुभयो ।

<u>देहाय</u>

१. आर्थिक विधेयक २०७९

२. विनियोजन विधेयक २०७९

५.,प्रमुख ज्युले आजको बैठकमा टेबुल गरिएका विधेयकका सम्बन्धमा आगामी बैठकमा दफावार छलफल हुने जानकारी दिनुका साथै सार्वजनिक महत्वका विषयमा बोल्न चाहने सदस्यहरुलाई सचिवालयमा नाम टिपाउन जानकारी गराउँदै दोस्रो बैठक मिति २०७९ आषाढ १२ गते दिनको १ बजे बस्ने गरी आजको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिकाको कार्यालय, कर्णाली प्रदेश, नेपाल २०७३

# वीरेन्द्रनगर नगरपालिका

## सुर्खेत

## मिति २०७९।०३।१२ गतेको एघारौ नगरसभाको दोस्रो बैठकको गतिविधि र निर्णय

## (पहिलो सत्र)

१. वीरेन्द्रनगर नगरपालिकाका प्रमुख श्री मोहनमाया भण्डारीज्युबाट बैठकको सुरुवात भयो।

२. (क) सार्वजनिक महत्वका विषयमा सचिवालयमा अग्रिम नाम टिपाउनुभएका सदस्यज्युहरुले देहायका विषयहरु सभा समक्ष उठान गर्नुभयो।

**(१) अम्मर कार्की वडा न ४ सदस्य**

वन क्षेत्रको बारेमा सभा समक्ष पेश भएको नीति तथा कार्यक्रममा खासै उल्लेख छैन। नगरमा सामुदायिक वनको क्षेत्र तथा व्यवस्थापन बारे सभाको स्पष्ट धारणा बनाउनु आवश्यक छ। नगर स्तरिय वन ऐन तर्जुमा गर्न आवश्यक छ। नगरको तल्लो तटीय क्षेत्रमा हुने डुबान नियन्त्रणका साथै माथिल्लो तटीय क्षेत्रको संरक्षण गर्दै राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागु गर्न आवश्यक छ। अस्थायी टहराको उचित व्यवस्थापन सँगै फूटपात व्यवस्थित गरि शहरी सौन्दर्य कायम गर्न आवश्यक छ। हरीत शहर निर्माणका लागि बहुवर्षिय बिरुवाको व्यवस्थापनका लागि बजेट विनियोजन गर्नुपर्ने। सामाजिक सुरक्षा भत्ता वडा तहबाट सहज रुपमा वितरणको व्यवस्था गरियोस। सडक क्षेत्रमा भएका विद्युत पोल तथा खानेपानीका पाईप विस्तारका क्रममा सडक भत्काउन कार्यलाई निरुत्साहित गर्नुपर्ने। साथै सडक किनारका रुखहरुको उचित व्यवस्थापन गर्न आवश्यक छ।

**(२) मनोहरलाल आचार्य वडा न १० सदस्य**

नीति तथा कार्यक्रममा प्रतिबद्धता अनुसार कार्यक्रम समावेश भएको छ। संगठन व्यवस्थापन अध्ययन गरि तत्काल नगरको कर्मचारी व्यस्थापनको पक्षलाई चुस्त बनाउन आवश्यक छ। कर्मचारी कल्याण कोषमा पर्याप्त मात्रामा बजेट विनियोजन गर्नुपर्ने। राजस्व असुलीको पक्ष महत्वकांक्षी छ। घाटा बजेट जस्तो देखिएको छ। यसको व्यवस्थापनका लागि कार्यक्रम बनाउन आवश्यक छ। कार्यसम्पादन सम्झौताका आधारमा कर्मचारीलाई दण्ड, पुरस्कार सहितको सेवा प्रवाह गर्न सकिन्छ।

**(३) सरस्वती रोकाया वडा न ३ सदस्य**

राजमार्ग भन्दा तल्लो क्षेत्रमा नगरपालिका भएको अनुभुति भएको छैन। यस क्षेत्रलाई कृषि क्षेत्र भनिए पनि अव्यस्थित बस्तीका कारण यसो हुन सकेको छैन। मंगलगढी देखी काँक्रेबिहार सम्मको सडक व्यवस्थित बन्न सकेको छैन। खोर्के खोलाको मापदण्ड बनाई क्षेत्र निर्धारण गर्न जरुरी छ। ३ न वडामा विद्यालय व्यवस्थापनको विषयलाई ध्यान दिन जरुरी छ। वडा भित्र खानेपानी समस्या समाधानका लागि बजेट विनियोजन आवश्यक छ। वडाबाट सीप विकास तालिम प्रदान गरिएका वर्गहरुलाई पेश व्यवसायमा लगाउन विभिन्न कार्यक्रम ल्याउन आवश्यक छ। वडाको शान्ति सुरक्षालाई ध्यान दिदै प्रहरी चौकी स्थापना तर्फ आवश्यक पहल गर्न आवश्यक छ। सभामा उठान भएका विषयहरुको सम्बोधन गर्न तर्फ लाग्नुपर्छ। हामी संख्यामा कम भएपनि सकारात्मक विषयलाई सधैव साथ समर्थन गर्नै छौ।

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

(४) रमिला श्रीपाईली वडा न ३ सदस्य

लगत कट्टाको कार्यलाई व्यवस्थित गर्नुपर्ने। दलित समुदायको चौतर्फी विकासका लागि विनियोजन गरिएको बजेट २० लाख न्युन छ,यसलाई बढाउनुपर्छ। प्रविधिमैत्री नगर निर्माणका लागि मोबाईल एप तथा डिजिटल प्रोफाईल निर्माणको कार्य निकै सराहनीय छ। समृद्ध नेपाल सुखी नेपालीको नारालाई सार्थक बनाउन हामी सबैको पहल आवश्यक छ।

(५) गंगाराम लामिछाने वडा न १२ सदस्य

नेवारे र ईत्राम खोलामा तटबन्धनको कार्यक्रम ल्याउन आवश्यक छ। वर्षातको समयमा हुने पिपिरा चौक डुबानको समस्या समाधानका लागि पक्की पुल निर्माण लगायतको कार्य तर्फ लाग्नुपर्ने छ। साथै बटला चौक देखी ग्रागेताल जाने सडकमा पक्की पुल बनाई आवातजावतमा सहजता ल्याउन आवश्यक छ। सुशासन प्रवर्द्धनमा ध्यान दिदै शून्य सहनसिलताको नीति लिदै सेवा प्रवाहमा सहजता ल्याउन आवश्यक छ। आलेप र मलेपलाई चुस्त बनाई बेरुजु न्युनीकरण तर्फ ध्यान दिनु आवश्यक छ। सडक क्षेत्रमा विद्युत पोललाई उचित स्थानान्तर गर्न तर्फ लाग्नुपर्छ। वर्षात हुनुपूर्व नै डुबान प्रभावित क्षेत्रमा सडक ग्राभेल गर्न तर्फ बजेट विनियोजन गर्न आवश्यक छ। जर्वुटा डाँडालाई तारवार गरि संरक्षण गर्न तर्फ लाग्नुपर्छ।

(६) सन्त बहादुर सारु वडा न १२ सदस्य

वडाको खानेपानी समस्या समाधान गर्नका लागि मुहान संरक्षण सँगै डिपवोरिंङ लगायतका उपाय अपानाउँदै बागखोरमा ३ लाख घन मिटरको खानेपानी ट्याङकी निर्माणका लागि आवश्यक समन्वय गर्नुपर्ने। वडा भित्रका ५ विद्यालयहरुको शिक्षा गुणस्तर सँगै भौतिक सुधारका लागि लाग्नुपर्नेछ। शिक्षक दरबन्दी मिलानका साथै निजि क्षेत्रमा शिक्षक कर्मचारीहरुको लागि तलब भत्ताको व्यवस्थापन गर्न तर् आवश्यक पहल गर्नुपर्छ।

(७) दिपेश गिरी वडा न १ सदस्य

वडा न १ मा पर्यटन प्रवर्द्धन गर्न तर्फ लाग्नुपर्ने। विद्युत सँग निरन्तर समन्वयमा रहि विद्युत पोलको व्यवस्थापन गर्नुपर्ने। वडाका ४ वटा विद्यालयको छाना मर्मत गर्न बजेट विनियोपन गर्न आवश्यक छ। शहरी नापीको कार्यलाई अघी बढाउनुपर्ने। खोल्सा, डर, कुवा लगायतको संरक्षण गरि खानेपानीको समस्या समाधान गर्नुपर्ने।

(८) हरि पौडेल वडा न १ सदस्य

ल्याण्डफिल साईटलाई डपिङ साईटको रुपमा नभई ल्याण्डफिलकै रुपमा विकास गर्नुपर्ने। कर्णाली बसपार्कको डिपिआर बन्दै छ, कति समयमा काम हुने हो, ५ लाख बजेट न्युन हुन सक्छ। नगर गौरवको योजनाको रुपमा बसपार्कलाई लिनुपर्छ। हटलाईनको काम सिघ्र गर्न नगरको निति कार्यक्रममा समावेश गर्नुपर्ने। वडा न १ देखी १४ जोड्ने बाटोलाई बजेट विनियोजन गर्नुपर्ने। वडाका खहरे खोलामा तटबन्धनको व्यवस्था गर्न आवश्यक छ।

(९) रमेश चौधरी वडा न २ सदस्य

नेकपा एमालेको घोषणा कार्यक्रममा सिकलसेल एनिमिया सम्बन्धी चेतनामुलक कार्यक्रम राखिएकोमा नगरको नीति तथा कार्यक्रममा यी विषय समावेश गर्नुपर्ने।

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

(१०) **मोहन सुनार वडा न २ सदस्य**

नगर गौरवका योजना वडा न २ मा पनि समावेश गर्नुपर्ने । देवघाट जस्तै रानीघाटलाई धार्मिक दृष्टिले महत्वको बनाउन आवश्यक छ । फलाटे ,तेलपानी, भुरीगाउँ क्षेत्रको सडक व्यवस्थापनका लागि ध्यान दिन जरुरी छ । सुकुम्बासीको समस्या सिघ्र समाधान गर्नुपर्ने ।

(११) **टोपलाल तिवारी वडा न ११ सदस्य**

नवजिवन प्रा वी वादी समुदायको लागि स्कुल बस संचालन गर्नका लागि बजेट व्यवस्थापन गर्नुपर्ने । सिमलकुना देखी चारकुने सम्म सडक ग्राभेल र कालोपत्रेका लागि सरोकारवाला निकाय सँग समन्वय गरि अघी बढ्नपर्नेछ । सुब्बाकुनामा बसपार्क निर्माणको विषयलाई समेत ध्यान दिन जरुरी छ । अधुरा सडकको निर्माण कार्य सिघ्र अघी बढाउन आवश्यक छ ।

(ख) सार्वजनिक महत्वका विषयमा उठान गर्नुभएका उल्लेखित विषयहरुका सम्बन्धमा अध्यक्षज्युले देहायको जवाफ मन्तव्य सभा समक्ष राख्नुभयो ।

संविधान ऐन कानूनले दिएको अधिकारलाई ध्यान दिएर सभा सदस्यहरुले दिनुभएको सुझाव क्रमश कार्यान्वयन गरिनेछ । खोला, बस्ती, पुर्वाधार विकास, विद्युतिकरण, सडक पोल व्यवस्थापन, भूमी व्यवस्थापन तर्फ नीति तथा कार्यक्रम समावेश गरिएको छ । सर्शत तर्फको बजेट चालु तर्फ समावेश गर्नुका साथै कर्मचारी तलब भत्ता, सामाजिक सुरक्षा जस्ता विषय बजेटमा समावेश भएकाले चालु खर्चको आकार बढ्न गएको छ । संगठन व्यस्थापन सर्भक्षणलाई वार्षिक कार्यक्रममा समावेश गरिएको छ । प्रक्षेपण गरिएको रावश्व असुलीका लागि कार्यक्रम बनाई अघी लाग्नुपर्छ । बेरुजु न्युनिकरण अभियान नै संचालन हुनेछ । टिनको छानो नभएको विद्यालयमा तत्काल कार्यक्रम संचालन गरिनेछ । ल्याण्डफिल साईट निर्माण तथा कर्णाली बसपार्क निर्माणको लागि नगर स्तरिय बजेट सँगै अन्य सरोकारवाला निकाय सँग समन्वय गरि कार्य सम्पन्न गरिनेछ । बजेट विनियोजन सँगै सो को कार्यान्वयन पक्षलाई विशेष ध्यान दिनुपर्नेछ । रिङ रोड विस्तार सबैको साझा चासोको विषय हो । खानेपानी समस्या समाधानका लागि कार्य भईरहेको छ । सबै सदस्यज्युहरुले उठान गर्नुभएका विषयहरु क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

३. प्रमुख श्री मोहनमाया भण्डारीज्युले अघिल्लो बैठकमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरियो ।

४. उपप्रमुख श्री निलकण्ठ खनालज्युले अघिल्लो बैठकमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९।८० को बजेट, नीति तथा कार्यक्रम स्वीकृत गरियो ।

५. उप प्रमुख श्री निलकण्ठ खनालले ज्युले अघिल्लो बैठकमा टेबल गर्नुभएका देहायका विधेयकहरु स्वीकृत गरियो । विधेयकहरुको व्यावहारीक त्रुटी र आनुसागिंक सुधार गरी राजपत्रमा प्रकाशन गर्ने ।

<u>**देहाय**</u>

१. आर्थिक विधेयक, २०७९

२. विनियोजन विधेयक, २०७९

मोहनमाया ढकाल (भण्डारी)

नगर प्रमुख

६. नेपालको संविधानको धारा (२१७) बमोजिम यस वीरेन्द्रनगर नगरपालिकाको लागि गठन हुने न्यायीक समितिमा देहायका २ जना सदस्यहरु रहने गरि समितिलाई पुर्णता दिईयो ।

**देहाय**

१. रमिला वि.क. सोनी श्रीपाईली ३ न. वडा सदस्य

२.सन्त बहादुर सारु १२ न वडा सदस्य

७. मिति २०७९।०३।०७ गतेको कार्यपालिका बैठकको सिफारिस निर्णय बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (१४) बमोजिम गठन हुने विधायन समितिमा देहायका पदाधिकारीहरु रहने समितिलाई पुर्णता दिईयो ।

**देहाय**

१. श्री यामुना नेपाली,कार्यपालीका सदस्य – संयोजक

२. दिलिप वाग्ले ७ न. वडा सदस्य – सदस्य

३. श्री नम्रता कार्की,५ न. वडा सदस्य – सदस्य

८. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ बमोजिम यस वीरेन्द्रनगर नगरपालिकाको लागि गठन हुने लेखा समितिमादेहायका पदाधिकारीहरु रहने गरि समितिलाई पुर्णता दिईयो ।

**देहाय**

१.संयोजक श्री दिपेन्द्र कोईराला

२. सदस्य श्री देव रोकाया

३. सदस्य श्री मनोहरलाल आचार्य

९. गत दशौ नगर सभाद्धारा कार्यपालिकालाई प्रत्यायोजित अधिकार बमोजिम कार्यपालिका बैठकहरुबाट भए गरेका निर्णय,नगर प्रमुख, उपप्रमुख स्तरबाट र प्रमुख प्रशासकीय अधिकृत तहबाट भएका निर्णयहरु अनुमोदन गरियो । साथै आर्थिक वर्ष २०७९।८० को लागि यस नगरसभामा निहीत अधिकार प्रयोग गरी नगरपालिकाका कुनै क्रियाकलाप संचालन गर्नुपर्ने भएमा पछि अनुमोदन गर्ने गरि निर्णय गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१०.सभाद्वारा देहायका नगरगौरवका सार्वजनिक महत्वका योजना तथा कार्यक्रमहरु स्रोत अभावका कारणले संघीय र प्रदेश सरकारसँग स्रोत व्यस्थापनका लागी अनुरोध गर्ने निर्णय गरियो ।

**निम्न**

१. उपत्यकालाई जोड्ने चक्रपथको निर्माण पूर्ण रुपमा सम्पन्न गर्नका लागि संघीय सरकार र प्रदेश सरकारलाई अनुरोध तथा समन्वय गर्ने ।

२. उपत्यकामा खानेपानी व्यवस्थापनको लागि भेरी लिफ्टिङ योजना अघि बढाउन र अन्तत्र रहेका पानीका स्रोतहरु हेरी सम्भाव्यता अध्ययन गर्न संघीय सरकार र प्रदेश सरकार सँग समन्वय गर्ने ।

३. रत्न राजमार्ग देखी दक्षिण तर्फको भुभागमा गुरुयोजनाको काम तीव्र रुपमा बढाई व्यवस्थित बस्ती विकासमा जोड दिने र बाटोको भुभाग निश्चित गरी त्यसको विकासमा जोड दिने ।

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

४. उपत्यका ढल निकासको विस्तृत परियोजना प्रतिवेदन तयार भएकोले त्यसको कार्यान्वयनमा संघीय सरकार र प्रदेश सरकारलाई अनुरोध गरी सहकार्य गर्ने ।

५. भूमी सम्बन्धी समस्या समाधान आयोग सँग नगरपालिकाले गरेको सम्झौता बमोजिम काम तिव्ररुपमा अघि बढाएकोले नगरपालिकालाई सहयोग र समन्वय गर्न सम्पूर्ण सरोकारवाला नगरबासीलाई अनुरोध गर्ने ।

६. बुलबुले, काक्रेबिहार, सहिदपार्क, देउतीबज्यै, गढि, रानीघाट लगायतका नगरभित्रका पर्यटकीय क्षेत्रको गुरुयोजना तयार गरी यसको विकासमा संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्ने ।

७. ल्याण्डफिल साईटको गुरुयोजना अनुसारको पूर्वाधार एंव पहुँचको निर्माण गर्न आवश्यक बजेटको लागि संघीय, प्रदेश सरकार र अन्य विकास साझेदार सँग समन्वय एंव अनुरोध गर्ने ।

८.वीरेन्द्रनगर नगरपालिकाको विभिन्न खोलाहरुमा तटबन्धन सहितको खोला करिडोर निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्ने ।

९.वीरेन्द्रनगर नगरपालिकाका सामरिक महत्वका निम्न सडक आयोजनाहरु निर्माण स्तरवृद्धि तथा कालोपत्रेका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्ने ।

निम्न

क) वडा न १३ हुँदै १५ र १६ जोड्ने सडक कालोपत्रे गर्ने कार्य

ख) वी न पा १० वामेखोला देखी भेरी पुल सम्म जाने रत्न राजमार्गको वैकल्पिक सडक निर्माण

ग) वी न पा १० रत्नराजमार्ग चन्द्रनगर हुँदै बुलबुले उद्यान, काँक्रेबिहार जोड्ने सडक निर्माण

घ) वी न पा १० रहरपुर देखी पर्सनी स्कूल सम्म जाने सडक

ङ) वडा न १० को प्रशासनिक भवन निर्माण

१०.वीरेन्द्रनगरमा नगर उज्यालो कार्यक्रम अन्तर्गत विद्युत पहुँत नपुगेको वडाहरुमा विद्युतीकरण गर्न र हाईमाक्स लाईट, सोलार बत्ती जडान गर्न एंव सिसि क्यामरा विस्तार तथा मर्मतका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्ने ।

११.सार्वजनिक र प्रति ऐलानी जग्गाहरुको खोजी गरि एक वडा एक खेलकुद मैदान एंव एक वडा एक पार्क निर्माणका लागि संघीय प्रदेश सरकार र अन्य विकास साझेदार सँग समन्वय एंव अनुरोध गर्ने ।

१२.वीरेन्द्रनगर नगरपालिका क्षेत्रमा परम्परागत कुलो, नहर, वाटो र सार्वजनिक महत्वको क्षेत्र पहिचान गरी अतिक्रमण रोक्नुका साथै सुर्खेत उपत्यका नगरविकास समिति लगायत अन्य सार्वजनिक सरकारी जग्गाको खोजविन गर्ने, लगत लिने र सोको हालको अवस्थाको समेत वस्तुगत र यथार्त विवरण तयार गरि सबैले देख्ने गरि सुचना वोर्ड राखी संरक्षण गर्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।

१३.विद्यालय पूर्वाधार विकासका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्ने ।

१४.नगरपालिकाको न्यायिक समिति एंव कानूनी विषय व्यवस्थापन गर्न तथा सूचना प्रविधि मैत्री नगर निर्माणका लागि क्रमश १/१ जना कानून अधिकृत र सूचना प्रविधि ईन्जिनियरको अस्थायी पद सिर्जना गरि भर्ना प्रक्रिया अघी बढाउने ।

१५.वीरेन्द्रनगर नगरपालिकाको वडा न १ मा कर्णाली बसपार्क स्थापना गर्ने ।

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

११. यस नगरपालिका क्षेत्रमा कार्यरत देहायका राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था तथा सहयोगी निकायहरुले तपशिलका कार्यक्रमहरु नगरको कार्यक्रममा समावेशका लागि अनुरोध गरेको सन्दर्भमा सभाबाट स्वीकृत विषयगत नीतिलाई उच्च प्राथमिकता दिई कार्यक्रम संचालन गर्ने गरी नगरपालिकाको आगामी आ.व.२०७९/०८० को कार्यक्रममा समावेश गर्ने ।

| क्र.सं. | प्रस्तावक संस्थाको नाम | योजना तथा कार्यक्रम |
|---|---|---|
| १ | UNDP | दिगो फोहरमैला व्यवस्थापन तथा हरियाली प्रवर्द्धन |
| २ | Unicef नेपाल | स्वास्थ्य, शिक्षा, बाल संरक्षण, खानेपानी तथा सरसफाई |
| ३ | SNV नेपाल | फोहरमैला तथा स्वच्छता प्रवर्द्धन |
| ४ | GIZ | आर्थिक ऐन जिविकोपार्जन कार्यक्रम |
| ५ | तयार नेपाल DAI /USAID | विपद् व्यवस्थापन |
| ६ | दि एशिया फाउण्डेशन | स्थानिय सरकार सवलिकरण कार्यक्रम |
| ७ | समाज जागरण केन्द्र | सु आहारा दोस्रो कार्यक्रम |
| ८ | मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल | द्वन्दपिडितहरुको सामुदायीक समावेशीकरणका लागि मनोसामाजिक परामर्श कार्यक्रम र लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम |
| ९ | सुन्दर नेपाल संस्था , विध्यापुर सुर्खेत | पशु वस्तुको मूल्य श्रृखलामा आधारीत साना किसानहरुको संस्था सवलिकरण , स्वास्थ्य र विकासका लागि नगर सरसफाई (UGHHD Program) परिवारिक खती सवलिकरण कार्यक्रम आर्थिक पूर्नलाभ, विपद् व्यवस्थापन र कोभिड प्रतिकार्य कार्यक्रम |
| १० | UNOPS नेपाल | फोहरमैला व्यवस्थापन |
| ११ | नेपाल रेडक्रस JOIN परियोजना (दुई वर्षीय) | विपद् व्यवस्थापन |
| १२ | दलित महिला संघ | दलित महिला अधिकार सम्बन्धि |
| १३ | कोशिश राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन संगठन | अपाङ्गता तथा मनोसामाजिक परामर्श |

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| १४ | आवाज संस्था सुर्खेत | बाल विवाह , लैगिक हिसाँ लगाएत जोखिममा परेका बालबालिकाहरुको संरक्षण सम्बन्धि कार्यक्रम |
| १५ | नवज्योति केन्द्र | महिला, युवा, बालबालिका, जिविको पार्जन, विद्यालय पूर्व तयारी, प्रकोप जोखिम न्यूनिकरण। |
| १७ | नेपाल युवा संस्था संजाल (आयान) | समावेशी उत्थानशीलता र जवाफदेहिता प्रवर्द्धनका लागि सुदृढिकरण (प्रयास) |
| १८ | ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठी | बालिका शैक्षिक सहयोग कार्यक्रम |
| १९ | परिलक्षित | सिमान्तकृत वर्गका लागि शैक्षिक सहयोग कार्यक्रम |
| २० | ली. बर्ड | जैविक विविधता पर्यावरणिय कृषि, जलवायु परिवर्तन तथा जिवीकोपार्जन |
| २१ | नेपाल पीडित समुदाय संरक्षण के न्द्र | सुधारिएको चुलोको लागि ५०% साँझेदार सम्बन्धमा |
| | | सामाजिक समावेशीकरण सामाजिक न्याय शासकीय व्यवस्था कार्यान्वयन गर्न |
| | | Environment, Sustainable Development and Green Technogy Project (Io-WGCA) |
| २२ | साईनिङ हस्पीटल सुर्खेत | कुष्ठरोग, साधारण अपाङता, प्रसव फिस्टुला, अस्पताल सहयोग र समुदायमा जनचेतना |

१२. उपप्रमुख श्री निलकण्ठ खनालले देहायका सार्वजनिक महत्व तथा विविध विषयमा धारणा राख्नुभयो।

सम्पुर्ण कर्मचारी टिमलाई धन्यवाद। हामीले अवसरको खोजी गरी अगाडी बढ्नुछ। समस्या धेरै छन। निर्वाचनका क्रममा गरिएका प्रतिबद्धताहरु क्रमश सम्बोधन हुँदै जानेछन। खानेपानी नगरको प्रमुख विषय हो। खानेपानी चुहावट नियन्त्रण गर्दै तालिका बनाई अघी बढ्नुपर्छ यो अल्पकालिन समाधान हो। दीर्घकालको लागि भेरीको पानी ३ वर्ष भित्रमा ल्याउन सकिने कार्ययोजना रहेको छ। सबै समितिको क्षेत्राधिकार भित्र पर्ने विषयलाई सुक्ष्म अध्ययन गरि कार्ययोजन बनाई अघी बढ्नुपर्छ। हामी सबैको सामुहिक दायित्व हो। यो वा त्यो पार्टि नभई आगामी ५ वर्षका लागि हामी सबै एकै यात्रामा सारथी हौ। डुबान क्षेत्रको समस्या समाधान गर्ने कार्य हामी सबैको सामुहिक दायित्व हो। शिक्षा क्षेत्रको समस्या समाधान सबै तहको सामुहिक दायित्व हो। वडा तहमा विनियोजित बजेटको सहि सदुपयोग हुने गरि कार्य गरौ। १३ देखी १६ सम्मका वडाहरुमा थप ध्यान दिई कार्य गरौ। वडा न १ मा ल्याण्डफिल साईटको सहि व्यस्थापन हुनेछ। यसको लागि वडाबासी लगायत सबैको सामुहिक दायित्व रहनेछ। सभा समक्ष पेश भएका सबै प्रस्तावहरु सर्वसम्मत पारित भएको छ। यसको लागि पुन सबैलाई धन्यवाद।

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

१३. सभाध्यक्ष श्री मोहनमाया भण्डारीले देहायको मन्तव्य सभा समक्ष प्रस्तुत गर्नुभयो ।

नागरिकलाई सहि काम गेरेर देखाउने यो उत्तम अवसर आज हामी सबैसँग छ । संघीयताको अभ्यासमा अब हामी क्रमिक अभ्यस्त हुँदै छौ । प्रदेश राजधानीको रुपमा वीरेन्द्रनगरको पूर्वाधार विकास सँगै सामाजिक सुशासनको अवस्था तर्फ विशेष ध्यान दिन आवश्यक छ । नागरिको प्रश्न आउनु स्वभाविक विषय हो । यसबाट हामी झन सुधार तर्फ लाग्नुपर्छ । नगरतहमा हुने सबै विकास निर्माण प्रति हाम्रो चासो हुन आवश्यक छ । आम नागरिक प्रश्न स्थानीय तह प्रति केन्द्रित भईरहेका छन । अन्तर तहबाट भएका नगर स्तरिय आयोजना तथा कार्यक्रमहरुको निरन्तर खबरदारी गरौ । हामीले गेरका सबै काम प्रति हामी जवाफदेही हुनैपर्छ । अदालत, अख्तियार र आम संचार हामीलाई क्रमश सुधार गर्ने बलिया माध्यम हुन । हामीले गर्ने सार्वजनिक काम प्रति चासो र मुद्धा हुनु स्वभाविक विषय हुन । तर हाम्रो काम नियमसगंत हुनुपर्छ । आगामी ५ वर्ष सुनौला वर्ष हुनेछन । हामी आफनो अधिकार र कर्तव्य दुबै प्रति सचेत हुनैपर्छ । स्थानीय सरकारको पारदर्शिता प्रवर्द्धन सँगै सुशासन स्थापना गराउने हाम्रो ८२ सदस्यीय परिवारको साझा धारणा नै वीरेन्द्रनगरको साझा धारणा हो । कुनै वडामा ढल निकास हुँदै गर्दा अर्को वडाले गर्वको अनुभुती गर्नुपर्छ । हाम्रो भुमीका सहयोगी हुनेछ । अन्त्यमा सबैलाई धेरै धन्यवाद ।

१४. यस नगरसभामा उठान भएका विषयवस्तुहरु माथि जवाफ सहित सभाध्यक्षले समापन मन्तव्य दिदैं सभा सफलता पूर्वक सम्पन्न गर्न आफ्नो अमुल्य समय सल्लाह तथा सक्रिय सहयोग प्रदान गर्नुहुने नगरसभा सदस्य ज्यूहरु, विभिन्न विषयगत समितिहरुका पदाधिकारीहरु, विभिन्न क्षेत्रका विषय विज्ञहरु, संचारकर्मीमित्रहरु, नगरपालिकाका कर्मचारी लगायत सम्पुर्णमा हार्दिक धन्यवाद दिनुभयो ।

१५. यस वीरेन्द्रनगर नगरपालिकामा कार्यरत अधिकृत छैठौ श्री हृदयराम ढकालको स्थानीय तह सदस्य निर्वाचन २०७९ का क्रममा दुर्घटनामा परि असामहिक निधन भएको घटना प्रति निजको सेवा अवधिमा ७ महिना सेवा थप गरि सेवानिवृत्त सुविधा दिनुका साथै यस बैठकबाट शोक प्रस्ताव पारित गरि सभा समापन भएको घोषणा भयो ।

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख